# भाग ४

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले २०४५ साल वैशाख १ गतेदेखि ऐ. चैत्र मसान्तसम्म वर्ष १ मा मन्त्रालय, अदालत, विभाग एवं कार्यालयहरूलाई देहायबमोजिम सार्वजनिक एवं पर्व बिदाहरू दिने निर्णय गरेको छ ।

१. हरेक शनिवार दिन: ५२ बाउन्न

| | | |
|---|---|---|
| क) वैशाख | ४, ११, १८, २५ दिन | ४ चार |
| ख) जेष्ठ | १, ८, १५, २२, २९ दिन | ५ पाँच |
| ग) आषाढ | ४, ११, १८, २५ दिन | ४ चार |
| घ) श्रावण | १, ८, १५, २२, २९ दिन | ५ पाँच |
| ङ) भाद्र | ४, ११, १८, २५ दिन | ४ चार |
| च) आश्विन | १, ८, १५, २२, २९ दिन | ५ पाँच |
| छ) कार्तिक | ६, १३, २०, २७ दिन | ४ चार |
| ज) मार्ग | ४, ११, १८, २५ दिन | ४ चार |
| झ) पौष | ३, १०, १७, २४ दिन | ४ चार |
| ञ) माघ | १, ८, १५, २२ २९ दिन | ५ पाँच |
| ट) फाल्गुन | ७, १४, २१, २८ दिन | ४ चार |
| ठ) चैत्र | ५, १२, १९, २६ दिन | ४ चार |

२. पर्व बिदाहरू:

क) नववर्ष वैशाख १ गते बुधवार दिन एक

ख) मातातीर्थ औंसी वैशाख ४ गते शनिवार दिन एक
(शनिवार परेकोले बिदा भनिरहनु नपर्ने)

ग) गुरुपूर्णिमा श्रावण १४ गते शुक्रवार दिन एक

घ) ऋषितर्पणी (रक्षाबन्धन) भाद्र ११ गते शनिवार दिन एक
(शनिवार परेकोले बिदा भनिरहनु नपर्ने)

ङ) कुशे औंसी (सूर्यग्रहण समेत परेको) भाद्र २६ गते आइतवार दिन एक

च) बसन्तपञ्चमी माघ २८ गते शुक्रवार दिन एक

छ) महाशिवरात्रि फाल्गुन २३ गते सोमवार दिन एक

ज) फागुपूर्णिमा चैत्र ८ गते मंगलवार दिन एक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९०४

३. महिला कर्मचारीहरूको लागि मात्रः

क) हरितालिका (तीज) भाद्र २९ गते बुधवार दिन एक
ख) ऋषिपञ्चमी भाद्र ३१ गते शुक्रबार दिन एक
ग) नारी दिवस ८ मार्च १९८९ तदनुसार फाल्गुन २५ गते बुधवार दिन एक

४. जात्रा बिदा (उपत्यकालाई मात्र):

क) गाइजात्रा भाद्र १२ गते आइतवार दिन एक
ख) इन्द्रजात्रा आश्विन ८ गते शनिवार दिन एक (शनिवार परेकोले बिदा भनिरहनु नपर्ने)
ग) घोडेजात्रा चैत्र २३ गते बुधवार दिन एक
घ) मच्छिन्द्रनाथको भोटो देखाउने दिन एक

५. दशैं बिदाः

क) घटस्थापना आश्विन २५ गते मंगलवार दिन एक
ख) त्यसपछि कार्तिक १ गते सोमवारदेखि कार्तिक ८ गते सोमवारसम्म (फूलपातीदेखि कोजाग्रत पूर्णिमासम्म) दिन आठ

६. तिहार बिदाः

क) लक्ष्मीपूजा कार्तिक २४ गते बुधवार दिन एक
ख) गोवर्धनपूजा कार्तिक २५ गते बिहीवार दिन एक
ग) भाइटीका कार्तिक २६ गते शुक्रवार दिन एक

७. दिवस बिदाः

क) संयुक्त राष्ट्रसंघ दिवस २४ अक्टोबर १९८८ तदनुसार कार्तिक ८ गते सोमवार दिन आधा (दशैं बिदामा परेकोले बिदा भनिरहनु नपर्ने) $\frac{१}{२}$
ख) शहीद दिवस माघ १६ गते आइतवार दिन आधा $\frac{१}{२}$

८. श्री ५ महाराजाधिराज सरकार स्वदेश वा विदेशमा राजकीय भ्रमणमा सवारी होइबक्सँदा र फिर्ती सवारी होइबक्सँदा अधिराज्यभर बिदा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

९०५

९. शुभ-जन्मोत्सव बिदाः

क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव पौष १४ गते बुधवार दिन एक

ख) श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सव कार्तिक २२ गते सोमवार दिन एक

१०. शुभ-जयन्ती बिदाः

क) बुद्ध जयन्ती वैशाख १९ गते आइतवार दिन एक

ख) श्रीकृष्णजन्माष्टमी भाद्र १८ गते शनिवार दिन एक (शनिवार परेकोले बिदा भनिरहनु नपर्ने)

ग) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्मजयन्ती पौष २७ गते मंगलवार दिन एक

घ) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवस फाल्गुन ७ गते शनिबार दिन एक (शनिवार परेकोले बिदा भनिरहनु नपर्ने)

ङ) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस पौष १ गते बिहीवार दिन एक

११. हाजिर हुने र छुट्ने समयः

मन्त्रालय तथा कार्यालयहरूको हकमा मार्ग, पौष र माघ ३ तीन महिना (शुक्रवार बाहेक) बिहान १० बजे हाजिर भै बेलुका ४ बजे छुट्ने बांकी ९ नौ महिना १० बजे हाजिर भै बेलुका ५ बजे छुट्ने ।

प्रत्येक शुक्रवार बिहान १० बजे हाजिर भै बेलुका ३ बजे छुट्ने ।

१२. निम्नलिखित उत्सव समारोहमा उपस्थितिको निमित्त दिन, ठाउँ र समयमा सूचना भएबमोजिम गर्ने ।

क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सवमा उपस्थित हुने ।

ख) श्री ५ महाराजाधिराज सरकारको बाहुलीबाट टीका थाप्ने ।

ग) श्री ५ महाराजाधिराज सरकारबाट बसन्त श्रवण गरिबक्सने दिन उपस्थित हुने ।

घ) श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सवमा उपस्थित हुने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९०६